नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिहदरबार, काठमाण्डौ

फोन नं. ४२००२७४

(लैङगिक समानता तथा सामाजिक समावेशीकरण शाखा)

पत्र संख्याः२०७४/७५

चलानी नं. : ५३

मितिः २०७४। ०५ ।१२

श्री गाँउपालिका \ नगरपालिका (सवै)

विषय : वाल दिवस मनाउने सम्वन्धमा ।

प्रस्तुत विषयमा "वालमैत्री शासनः वाल अधिकारको सम्मान" भन्ने नाराका साथ वाल दिवस २०७४ यही भाद्र २९ गते मनाउने तथा स्थानीय तहमा विभिन्न कार्यक्रमहरुको आयोजना गरी उक्त दिवस मनाउन परिपत्र गरिदिनु हुन भनी महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयको च.नं. २५ मिति २०७४।०५।०५ को पत्रबाट अनुरोध भई आएको हुदा सवै स्थानीय तहवाट वाल दिवस २०७४ विभिन्न कार्यक्रमहरुको आयोजना गरी भव्यताका साथ मनाउनु हुन निर्देशानुसार अनुरोध छ । साथै महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयका माननीय मन्त्रिज्यूको अध्यक्षतामा मिति २०७४।०४।२९ मा वसेको वैठकको निर्णयको प्रतिलिपि समेत यसै साथ संलग्न छ ।

वोधार्थ

श्री महिला, वालवलिका तथा समाज कल्याण मन्त्रालय (वाल संरक्षण तथा विकास शाखा), सिंहदरवार, काठमाडौ

श्री जिल्ला समन्वय समितिको कार्यलय (सवै)

श्री सूचना तथा विधुतीय शाखाः वेव साइटमा upload गरिदिनुहुन ।

उर्मिला काफ्ले

शाखा अधिकृत

ीयहरु

१. माननीय महिला बालबालिका तथा समाज कल्याण मन्त्रीज्यूको अध्यक्षतामा आजको बैठकमा उपस्थित सरकारी तथा अन्य संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरु रहने गरी राष्ट्रिय बाल दिवस, २०७४ मूल समारोह समिति गठन गरियो ।

२. राष्ट्रिय बाल दिवस, २०७४ मिति २०७४/५/२८ र २९ गते मनाउने ।

३. राष्ट्रिय बाल दिवस, २०७४ को नारा "बालमैत्री शासनः बालअधिकारको सम्मान" भन्ने निर्धारण गरियो ।

४. दिवसको मूल समारोह लगायत अन्य व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि केन्द्रीय बाल कल्याण समितिका कार्यकारी निर्देशकको संयोजकत्वमा केन्द्रीय बाल कल्याण समितिले व्यवस्थापन समिति गठन गर्ने ।

५. मिति २०७४/५/२८ गते साँझ द्वन्द्व लगायत विभिन्न बिपदमा ज्यान गुमाएका बालबालिकाहरुको स्मृतिमा स्थापित स्तम्भमा द्विप प्रज्वलन गर्ने ।

६. मिति २०७४/५/२९ गते मूल समारोहको कार्यक्रम आयोजना गर्ने ।

७. जिल्ला र अन्तर्गत निकायहरुमा बाल दिवस मनाउने व्यवस्थाका लागि जिल्ला बाल कल्याण समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारीहरुलाई परिपत्र गरिदिन गृह मन्त्रालयलाई अनुरोध गर्ने ।

८. स्थानीय तहमा विभिन्न कार्यक्रम आयोजना गरी बाल दिवस मनाउन परिपत्र गरिदिन संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयलाई अनुरोध गर्ने ।

९. महिला तथा बालबालिका कार्यालयले स्थानीय स्तरका सम्बद्ध कार्यालयहरु, गैरसरकारी संस्थाहरु विद्यालयलगायत नागरिक समाजसंग समन्वय, सहयोग र सहकार्य गरी बाल दिवस मनाउने ।

१०. शैक्षिक संस्थाहरुमा बाल अधिकारका बिषयमा केन्द्रित सचेतनामूलक कार्यक्रमहरु आयोजना गरी राष्ट्रिय बाल दिवस मनाउनका लागि जिल्ला शिक्षा कार्यालयहरुलाई परिपत्र गरिदिन शिक्षा मन्त्रालयलाई अनुरोध गर्ने ।